निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सञ्चालन भएका देहायका आयोजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भै तयार भएको अनुगमन समितिको देहाय बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने ।

**गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन**

२७ आषाढ, २०८२

यस शैलुङ गाउँपालिकाको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

**१)**मिति २०८२ साल आषाढ २२ गतेका दिन शैलुङ गाउँपालिकाको वडा नं ७ मा कार्यान्वयन भै रहेको टुडिखेल गोठपानी सडकको स्थलगत अनुगमन र तथा निरीक्षण गरियो। यस क्रममा उक्त सडक ढलानको कार्य तीव्र गतिमा भैरहेकोले उक्त सडक ढलान कार्य समय मै सम्पन्न हुने देखिएको छ। साथै गुणस्तर समेतलाई ध्यानमा राखी समयमा नै कार्य सम्पन्न गर्न सम्बद्ध निर्माण व्यवसायीलाई सुझाव दिइएको छ। यस कार्यको नियमित रुपमा अनुगमन गरी समयमा नै गुणस्तरीय रुपमा कार्य सम्पन्न गराउने कार्यको लागि सम्बन्धित प्राविधिक कर्मचारीलाई सल्लाह दिइएको।

२) सोही दिन वडा नं ५ को वीरेन्द्र मावि भौतिक व्यवस्थापनको कार्य अनुगमन गरिएकोमा उक्त कार्य सम्पन्न भएको देखिएकोले प्राविधिक मूल्याङ्कन गरी प्रक्रिया अघि बढाउन सुझाव दिइएको छ।

३) २०८२ आषाढ २६ गते शैलुङ गाउँपालिकाको वडा नं ३ मा निर्माण भैरहेको शैलुङ आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रस्तावित शैलुङ अस्पताल भवनको स्थलगत अनुगमन तथा निरीक्षण गरियो। यस क्रममा अस्पताल भित्रका संरचना निर्माणको कार्य सम्पन्न हुने अवस्थामा रहेकोले आ.व. २०८२/८३ को पौष सम्ममा सोही भवनबाट शैलुङ अस्पतालको सेवा प्रवाह सुचारु हुनसक्ने देखिएको छ।

**निष्कर्ष:**

यस अवधिमा अनुगमन गरेका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक अवस्था देखिन्छ। कामको प्रभावकारिता थप बढाउन आगामी आर्थिक वर्ष देखि निर्माण व्यवसायी मार्फत गरिने कामको समयमै ठेक्का लगाइ काम शुरु गर्नुपर्ने देखिएको छ। सम्झौता गरिए लगत्तै कार्य प्रारम्भ गराउने र समयमा नै कार्य गरी कामको गुणस्तर समेतको सुनिश्चतता गराउन आवश्यक नीति बनाएर लागू गर्नुपर्ने देखिएको छ। यसले गर्दा आर्थिक वर्षको अन्तिमतिर हतार हतार काम गर्ने परम्परागत आनिबानीको अन्त्य गरी गुणस्तरीय र प्रभावकारी आयोजना कार्यान्वयनमा मद्दत पग्ने देखिन्छ।

प्रतिवेदक

सदस्य सचिव

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सम्पन्न भएका देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि बसेको जाँचपास तथा फरफारक समिति बैठकको २०८२ असार २६ गतेको निर्णय अनुमोदन गर्ने ।

तपसिल

| क्र सं | आयोजनाको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिका बाट भुक्तानी हुने रकम रु | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय हेल्थपोष्ट सडक शैलुङ ७ | ३,००,६७२।०० | २,६५,४२०। ८० | २,६३,८००। ०० | सडक सोलिङ १२८ मीटर अर्थात ७६ घमी भएको। |
| २ | काडे नुनथला सडक शैलुङ ३ | ४,२९,७२८।०० | ३,२८,४२४। ०० | २,९१,४७९। ०० | सडक सोलिङ १०१ मीटर अर्थात ८१ घमी भएको। |
| ३ | चोरनागी खानेपानी व्यवस्थापन शैलुङ ८ | २,१८,०२१।८७ | ७४,५८१।१ २ | ६५,९१३।०० | ४० एम एमको पाइप ३०० मीटर ३२ एम एमको पाइप १०० मीटर र २० एम एमको पाइप ७५ मीटर खरिद गर्ने र वाटर ट्याङ्क २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लिटरको एक थान खरिद गरी जडान भएको । |
| ४ | ठुलोखोला ढिस्कुना सिंचाई योजना शैलुङ ६ | ८,६७,४०२।९१ | ६,८७,०२४।८४ | ६,०६,२९१।०० | ६० एम एमको पाईप १६० मीटर खरिद गरी जडान र १४२ मीटर सिंचाई कुलो  आर सी सी गरी निर्माण भएको । |
| ५ | थगम खानेपानी व्यवस्थापन शैलुङ २ | ३,२५,३७५।०० | ३,२६,५७८।१० | २,८७,०००।०० | ट्यांकी निर्माण एक तथा ३२ एम एमको पाईप २७६ मीटर २० एम एम को पाईप १०० मीटर खरिद गरी जडान हुनुका साथै धारा संख्या तीन जडान गरी खानेपानी व्यवस्थापन भएको । |
| ६ | सडक मर्मत सुधार शैलुङ ८ | ६,४९,९४५।२२ | ६,५५,४०९।७७ | ५,७६,०००।०० | विभिन्न प्रकारको माटो ४ घमी पन्छाउने मध्यम चट्टान ४ घमी तथा कडा चट्टान ३७ घमी काटी सडक सरसफाई गरिनुका साथै १७४ घमी ग्रभेल सडकमा विछयाउने कार्य भएको । |
| ७ | कल्लाबारी मावि देखि मुलधारा सिढी निर्माण शैलुङ १ | ३,९९,४१२।२७ | ३,१५,८८५।६५ | ३,१४,७३२।०० | १.५० मीटर चौडाईको सिढी सहितको बाटो खन्ने कार्य १२० मीटर गरी १ मीटर चौडाईको २३ मीटर सिढी ढलान भएको । |
| ८ | भैंसे फलाटे सडक स्तरोन्नति शैलुङ ८ | ३,१७,९५२।२७ | ३,१८,८१६।०० | २,९९,०००।०० | सडक सोलिङ १५० मीटर अर्थात ९२ घमी भएको । |
| ९ | वडा कार्यालय अधुरो सडक शैलुङ ७ | ३,२०,३४५।८८ | ३,०५,३३७।७१ | २,७३,५०७।०० | विभिन्न प्रकारको माटो ३१५० घमी मध्यम चट्टान ४७ घमी काटी सडक निर्माण भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | गोपीडाँडा खानेपानी मर्मत तथा निर्माण शैलुङ ८ | २,१६,५३८।८९ | २,०८,३४८।९३ | १,८४,७४३।०० | कलेक्सन चेम्बर र इन्टेक निर्माण, ४० एम एमको पाइप ७०० मीटर खरिद र ढुवानी गरी विछयाउने तथा फिटिङको कार्य गरी खानेपानी व्यवस्थापन। |
| ११ | ढुङ्गे फलाटे सडक मर्मत शैलुङ १ | ५,५६,०५१।३७ | ५,५८,४६३।३७ | ४,८०,०००।०० | सडक सोलिङ २३१ मीटर अर्थात १३८ घमी भएको। |
| १२ | सडक सरसफाई तथा मर्मत शैलुङ ८ | ५,३७,७८७।०७ | ५,४०,५१३।१२ | ४,८०,०००।०० | ग्राभेलको लागि जग खन्ने र माटो पन्छाउने कार्य ८८८ घमी गरी ४१४ घमी ग्राभेल बिछयाउने कार्य भएको। |
| १३ | गाईघाट खानेपानी आयोजना शैलुङ ५ | २,१७,३४४।०३ | २,११,२६३।९७ | १,८५,१२८।०० | २० एम एमको पाइप ८५५ मीटर खरिद गरी विछयाउने इन्टेक बनाउने र धारा संख्या एक बनाउने कार्य भएको। |
| १४ | स्वास्थ्य चौकी सवलिकरण शैलुङ्गेश्वर स्वास्थ्य चौकी शैलुङ ८ | ११,०३,१९४।१२ | ११,०४,७८९।६७ | ९,५९,०००।०० | आर सी सी ढलान गर्ने इटा सिमेन्ट मसलाको जोडाइमा वाल लगाउने काठको फ्रेम र चौकोस बनाई जडान गर्ने र प्लाष्टर गरी भवन निर्माण भएको। |
| १५ | थगम चौतारीडाँडा पुरानोगाउँ सडक शैलुङ २ | ५,४२,४९४।०० | ५,४५,७९०।४ | ४,७९,०००।०० | सडक सोलिङ १८३ मीटर अर्थात १३५ घमी भएको। |
| १६ १७ | खानेपानी व्यवस्थापन (सिमपानी भित्तारे कुभिण्डे ओखलढुङ्गा) शैलुङ ८ | ५,९६,९८८।३३ | २,८४,७०९।१३ | २,५१,७९६।०० | ४० एम एम पाइप ४०० मीटर खरिद गरी व्यवस्थापन २००० लिटर को २ थान, १००० लिटर १ थान र ५०० लिटरको एकथान वाटर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ट्याङ्क खरिद गरी व्यवस्थापन भएको। |
| १८ | साजे खानेपानी तथा सरसफाई आयोजना शैलुङ ६ | २,९५,४७९।५१ | २,९५,४७९।५१ | २,९५,४७९।०० | लिभिङ वाटरको साझेदारीमा भएको कार्यमा पाइपलाइन खन्ने र पुर्ने कार्यमा भुक्तानी भएको। |
| १९ | लकाईगाउँ खानेपानी तथा सरसफाई आयोजना शैलुङ ६ | ४,४८,१५१।०० | ४,४८,१५१।०० | ४,४८,१५१।०० | लिभिङ वाटरको साझेदारीमा भएको कार्यमा पाइपलाइन खन्ने र पुर्ने कार्यमा भुक्तानी भएको। |
| २० | थगम पहिरो नियन्त्रण शैलुङ २ | ३,२८,९७८।५९ | ३,४८,८४६।६७ | २,८७,५००।०० | १:२:४ को अनुपातमा पीसीसी ढलान २.६७ घमी गरी १:६ को अनुपातमा २ मीटर उचाईको ढुङ्गाको वाल ३२ मीटर लगाउने कार्य भएको। |
| २१ | लिङ्गे ढाक्रेबास गोल्फु सडक शैलुङ २ | ४,३२,७२९।३७ | ४,३८,९५८।६० | ३,८३,०००।०० | विभिन्न प्रकारको माटो २६८४ घमी मध्यम चट्टान ४७९ घमी र कडा चट्टान ३१ घमी काटी सडक निर्माण भएको। |
| २२ | गुरुङगाउँ दार्खा स्कुल सडक शैलुङ ६ | ३,२२,३८३।३० | ३,२६,१२६।२१ | २,८६,५००।०० | विभिन्न स्थानमा २० मीटर ह्युमपाइप खरिद गरी विछयाउने कार्य गरी माटो पन्छाइ सडक सरसफाइ १९४ घमी भएको र ढुङ्गाको मेशीनरी वाल ८ घमी लगाउने कार्य भएको। |
| २३ | ओखरबोट हिले हेल्थपोष्ट सडक शैलुङ ६ | ७,४२,६६२।५५ | ७,४५,८७६।६२ | ६,६७,९१२।०० | २१० मीटर अर्थात १५२ घमी सडक सोलिङ, ९८७ घमी विभिन्न प्रकारको माटो काट्ने र २४ घमी ग्राभेल विछयाउने कार्य भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | माथिल्लो गाउँ कृषि सडक शैलुङ ४ | ५,३९,४४७।७७ | ५,४१,१६३।४६ | ४,७८,८००।०० | विभिन्न प्रकारको माटो ४९०५ घमी, मध्यम प्रकारको चट्टान ३०३ घमी गरी सडक ट्र्याक खोल्ने कार्य भएको |
| २५ | वीरेन्द्र मावि भौतिक व्यवस्थापन शैलुङ ५ | ४,३५,६३६।०४ | ४,१६,४३०।७० | ३,६५,८७१।०० | विद्यालयको पार्क थप व्यवस्थापन ट्रसको काम ग्रिलको काम समेत भएको । |
| २६ | हिले सामुदायिक भवन निर्माण शैलुङ ६ | ४,३१,५०१।७८ | ४,३५,३६१।१० | ३,८२,५००।०० | सामुदायिक भवनको लागि शौचालय निर्माण इटाको वाल लगाई प्लाष्टर गर्ने तथा झ्यालढोकाको खापा राख्ने कार्य भएको । |
| २७ | थगम खेल मैदान मर्मत शैलुङ २ | ५,३५,३२८।३३ | ५,४०,७७९।९५ | ४,७९,४००।०० | २*१*१ को ग्याविन ९ थान तथा १.५*१*१ को ग्याविन ४७ थान खरिद गरी ढुङ्गा भर्ने र दर्शक बस्ने सामान्य बेन्च तयार भएको । |
| २८ | दुधपोखरी आवि भौतिक व्यवस्थापन शैलुङ १ | २,१६,३८०।१९ | २,१५,५८८।६१ | १,९१,०००।०० | १६ मि मी बाक्लो ग्रेनाईट खरिद गरी विद्यलय भवनको प्यासेज र सिढीमा बिछ्याउने कार्य भएको । |
| २९ | इन्टेक मर्मत तथा धारा निर्माण शैलुङ ६ | १,१०,४४२।७३ | १,११,७४४।३४ | ९४,०००।०० | इन्टेक मर्मत गरी धारा जडान ५ वटा जडान गरिएको । |
| ३० | कालिभुमे मावि भौतिक व्यवस्थापन शैलुङ ३ | २,१४,२९८।५७ | १,५९,६९१।६८ | १,४३,४९८।०० | मेशिन प्रयोग गरी ग्राउण्ड लेभल गर्ने वेदरकोट पेन्ट लगाउने इनामेल लगाउने कार्य भएको । |
| ३१ | रहेले महादेव मन्दिर व्यवस्थपान शैलुङ ६ | ५,३८,९८४।२६ | ५,४४,८८५।१७ | ४,७८,०००।०० | मन्दिर वरिपरि रेलिङ निर्माण गरी सिढी निर्माण रंगरोगन लगायत कार्य गरी मन्दिर व्यवस्थापन भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | कर्स्योङखोला लामाटोल सडक शैलुङ २ | ३,२५,८१६।०० | ३,३२,२४८।०० | २,८७,०००।०० | सडक सोलिङ १०३ मीटर अर्थात ८२ घमी भएको। |
| ३३ | साझा सुबिधा केन्द्र कोसेलीघर व्यवस्थापन शैलुङ ८ | ६,०५,२७६।३७ | ६,१९,९१४।०२ | ५,१२,७३३।०० | पिलर ढलान गरी ब्लकको वाल लगाई कोसेलीघर व्यवस्थापन भएको। |
| ३४ | पात्लेखोला दारेगौडा साना सिंचाई शैलुङ ८ | २,७२,००५।८२ | २,७३,२५८।७३ | २,३९,०००।०० | सिंचाईको लागि रिजर्भ ट्याङ्की निर्माण कलेक्सन चेम्बर निर्माण गरी ४० एम एम को ६०० मीटर ५० एम एमको ३३० मीटर र ११० एम एमको ७ मीटर पाईप खरिद गरी जडान गरिएको। |
| ३५ | किटनी गोठपानी पानीघाट सिरेटार सडक शैलुङ ६ | ४,३१,३३६।०० | ४,३३,६६८।६१ | ३,८२,०००।०० | सडक सोलिङ १८० मीटर अर्थात १०७ घमी भएको। |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शैलुङ गाउँपालिका अन्तर्गतका शाखा तथा कार्यालयहरूले आ.व. २०८१/०८२ मा सम्पादन गरेका योजना तथा कार्यक्रम र कार्यहरुको वार्षिक समिक्षा कार्यक्रम मिति २०८२ श्रावण २८ गते, गाउँपालिकाको सभाहलमा गर्ने ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरूको कार्यसम्पादनको आधारमा आगामी बैठकमा छलफल गरी करार अवधि थप गर्ने ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को चौथो त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ साल श्रावण २९ गते गाउँपालिका हलमा गर्ने ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको पर्यटकीय क्षेत्र कालापानी क्षेत्रमा उत्पन्न विवाद समाधान तथा कालापानी शैलुङ मिनी ग्रेटवाल क्षेत्रमा थप गर्नुपर्ने विकासका पूर्वाधार लगायतको योजना तथा कार्यविधि तय गर्न तपसिल बमोजिमको समिति गठन गर्ने ।

तपसिल

| सि.नं. | नाम थर | पद | समितिको | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पार्वती कार्की | उपाध्यक्ष | संयोजक | |
| २ | श्री दिल कुमार तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | सदस्य | |
| ३ | श्री दिपक बस्नेत | वडा अध्यक्ष, ५ नं. वडा | सदस्य | |
| ४ | श्री धन बहादुर तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | सदस्य | |
| ५ | श्री  बिर बहादुर घतानी | वडा अध्यक्ष, ५ नं. वडा | सदस्य | |
| ६ | श्री तिर्थ बहादुर श्रेष्ठ | वडा अध्यक्ष, ५ नं. वडा | सदस्य | |
| ७ | श्री बन्दना पाख्रिन | कार्यपालिका सदस्य | सदस्य | |
| ८ | श्री ठमिर प्रसाद घिमिरे | सूचना प्रविधि अधिकृत | सदस्य | |
| ९ | श्री संजिव न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

प्रस्ताव नं. ८ (क) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको १ नं. वडा कार्यालय अन्तर्गत संचालित गोल्मोखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजनामा उत्पन्न विवाद समाधान गर्नको लागी आवश्यक पहल गर्ने ।

प्रस्ताव नं. ८ (ख) माथि छलफल गर्दा स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको सम्पत्ति कर(घर जग्गा कर)को प्रयोजनको लागी गरिने घर जग्गा मूल्यांकनको वस्तुगत आधार र विधिलाई वैज्ञानिक र यथार्थपरक बनाउन आवश्यक रहेको छ। यस गाउँपालिकाको भौगोलिक अवस्था, घरजग्गाको बनोट, घरजग्गाको उपयोगको अवस्था आर्थिक क्रियाकलाप लगायतको अन्य सान्दर्भिक पक्षहरुलाई मध्यनजर गरी घरजग्गाको प्रचलित बजार मूल्य प्रतिबिम्बित हुने गरी विषय विज्ञहरुबाट तयार गरिएको घरजग्गाको मूल्यांकन आधारलाई कार्यान्वयन गर्नको लागी आवश्यक पर्ने कानून निर्माण/परिमार्जन गर्ने ।

प्रस्ताव नं. ८ (ग) माथि छलफल गर्दा शैलुङ गाउँपालिका ५ नं. वडा कार्यालयमा कार्यरत कृषि प्राविधिक श्री साजन बुढाथोकीले चलाएको मोटरसाईकलले अर्को मोटरसाईकललाई ठक्कर दिई दुर्घटना हुँदा कालिञ्चोक गाउँपालिका स्थायी निवासी महेश्वर ढुङ्गेल घाईते भई उपचार गर्नु परेको हुँदा निजको उपचारको लागि लागेको खर्च मध्ये ५०% हुन आउने रकम गाउँपालिकाबाट आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट विल भरपाई अनुसार भुक्तानी गर्ने ।

प्रस्ताव नं. ८(घ) माथि छलफल गर्दा २०८२ साल भाद्र २२ गतेका दिन शैलुङ डाँडामा जनैपूर्णिमामा लाग्ने जात्रामा अस्थायी पसल राख्नको लागि सो दिनको लागि पसलबाट निस्कने फोहोरको व्यवस्थापन सम्बन्धित आफैले गर्नु पर्ने र शैलुङ डाँडाको सौन्दर्य नबिगार्ने गरी अनुमति दिने ।

प्रस्ताव नं. ८(ङ) माथि छलफल गर्दा बागमति प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौडा, मकवानपुरद्वारा यस गाउँपालिकाको पर्यटकीय क्षेत्र कालापानीमा निर्माण भएको गोलघर र सामुदायिक भवन गाउँपालिकालाई हस्तान्तरण गर्नको लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने ।

प्रस्ताव नं. ८ (च) माथि छलफल गर्दा हिन्दुहरुको महान चार्ड हरितालिका तिज विशेष कार्यक्रम मनाउनको लागि गाउँपालिकाको कार्यालय र प्रत्यक वडा कार्यालयहरुले रू २५,०००/-(पच्चिस हजार मात्र) को परिधिमा रहि कार्यक्रम गर्न निर्देशन दिने ।

प्रस्ताव नं. ८ (छ) माथि छलफल गर्दा शैलुङ गाउँपालिका अन्तर्गत संचालित शैलुङ अस्पताल २०७८ साल देखि ५ सैयाँको सेवा सहित संचालनमा रहेको जानकारी राष्ट्रीय विमा बोर्डमा पठाउने ।

प्रस्ताव नं. ८ (ज) माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि १८ औं गाउँसभाबाट स्वीकृत उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको उपभोक्ता समिति गठन २०८२ साल भाद्र २५ गते भित्र गरी गाउँपालिकामा जानकारी पठाउन निर्देशन दिने ।